# हिमालयन डिष्टिलरी लिमिटेड

को

# बाह्रौं वार्षिक प्रतिवेदन

तथा

आर्थिक वर्ष २०६८/०६९

को

# वासलात एवं नाफा-नोक्सान हिसाब

## संचालक समिति

श्रीमती एम. शाह
अध्यक्ष

श्री अखिलेश्वर प्रसाद सिंह
संचालक

श्री विनोद श्रेष्ठ
संचालक

श्री सान्टु श्रेष्ठ
संचालक

श्री परिमल झा
संचालक

श्री शंकर राज पाण्डे
संचालक

श्री प्रकाशमणी घिमिरे
स्वतन्त्र संचालक

श्री राज बहादुर शाह
प्रबन्ध संचालक

# हिमालयन डिष्टिलरी लिमिटेड

**लिपनी विर्ता गा. वि. स. ७, पर्सा**

**फोन नं. ०५१ - ६२०२२३**

**शेयरधनी महानुभावहरू,**

**विषय : बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

यस कम्पनीको मिति २०६९/६/२१ गते आईतवार बसेको संचालक समितिको निर्णयानुसार कम्पनीको **बाह्रौ वार्षिक साधारण सभा** देहायका विषयहरुमा छलफल गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ ।

छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०६८/०६९ को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

३. आ. ब. २०६९/०७० का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. प्रवन्ध संचालकको पारिश्रमिक बृद्धिलाई अनुमोदन गर्ने बारे ।

५. संचालक समितीका अध्यक्ष र सदस्यहरुको वैठक भत्ता बृद्धिलाई अनुमोदन गर्ने बारे ।

६. कम्पनीले आर.एण्ड.आर. सप्लायर्स प्रा.लि. र डिष्टिलर्स रिसर्च सेन्टर प्रा.लि.संग गरेको कारोवारलाई अनुमोदन गर्ने बारे ।

७. आ.व. २०६९।०७० मा कम्पनी ऐन २०६३ को दफा १०५ ग. ले व्यवस्था गरे भन्दा बढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने बारे ।

८. विविध ।

मिति : बुधबार, २७ मंसिर २०६९ (तदनुसार १२ डिसेम्वर, सन् २०१२, बुधवार )।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, पर्सा ।

समय : विहान ठिक १०:०० बजे ।

## साधारण सभा सम्बन्धि जानकारी :

१. मिति २०६९/८/७ देखि २०६९/८/२७ सम्म कम्पनीको शेयरवालाहरुको दाखिल खारेज किताब बन्द गरिनेछ

२. कम्पनीको आ.व. २०६८/०६९ को वार्षिक प्रतिवेदनहरु, प्रोक्सी फाराम, प्रवेश–पत्र समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक मार्फत पठाउने व्यवस्था मिलाइएको छ । कारणवश कसैलाई प्राप्त नभएको भएं कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७ पर्साबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी उक्त प्रतिवेदनहरु प्राप्त गर्न सक्नु हुनेछ ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले प्रवेश–पत्र वा शेयर प्रमाण पत्र, नेपाल सरकारबाट जारी भएको फोटो टासिएको कुनै प्रमाण ल्याउनु हुन अनुरोध गरिन्छ ।

४. सभा हुने दिन सभा शुरु हुनको लागि तोकिएको समय भन्दा पहिले उपस्थित भई दिनु हुन जानकारी गराईन्छ

५. उपस्थित पुस्तिका सभा हुने दिन विहान ७:०० बजे देखि विहानको १०:०० बजे सम्म खुला गरिनेछ । त्यस पछि पूर्ण रुपमा बन्द गरिनेछ ।

६. नावालक वा बिक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ ।

७. प्रतिनिधि (प्रोक्सी)नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत ब्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनिलाई मात्र गर्नु पर्नेछ ।

८. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा सो नियुक्ति पत्र कम्पनीको साधारण सभा हुनु भन्दा ९६ घण्टा अगावै प्रतिनिधि पत्र(प्रोक्सी) फारम कम्पनी समक्ष दर्ता गरि सक्नु पर्नेछ । सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि दर्ता गरि सके पछि सो लाई बदर गरि अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहेमा सो को सूचना ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय पर्सामा दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वत: रद्द हुनेछ ।

९. बिविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको विषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

१०. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।

११. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिईनेछ ।

१२. सभा सम्बन्धी अन्य केही बुझ्नु परेमा कम्पनीको रजिष्टर्ड कार्यालय, लिपनि विर्ता ७ पर्सामा कम्पनी सचिवसंग कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले,
कम्पनी सचिव

**श्री संचालक समिति,**
**हिमालयन डिष्टिलरी लिमिटेड ।**
**बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................................ जिल्ला ...................................... न. पा. /गा.वि.स. वडा नं ......... बस्ने म/हामी .. ........................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०६९ मंसिर २७ गते बुधवारका दिन हुने बाह्रौ वार्षिक साधारण सभामा म स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि .........................जिल्ला ...................... ........... न. पा/गा.वि.स ..........................वडा नं ..........बस्ने त्यस कम्पनीका शेयरवाला श्री ......................... ..................शेयर प्रमाण पत्र नं........................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको
हस्ताक्षरको नमूना :

निवेदक,
हस्ताक्षर :
नाम:
ठेगाना :
शेयर प्रमाण पत्र नं. :
कि.नं..................देखि ................सम्म ।
मिति :

नोट : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ९६ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय लिपनि विर्ता –७ पर्सा मा पेश गरि सक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

**(कृपया यहां काटनु होला)**

हिमालयन डिष्टिलरी लिमिटेडको बाह्रौ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

**प्रवेश–पत्र**

शेयरधनीको नाम ............................................................

शेयरधनीको सही .................................... प्र.प.न. ..............शेयर संख्या नं .................देखि ............... सम्म

जम्मा ........................थान ।

हिमालयन डिष्टिलरी लि. को मिति २०६९/८/२७ गतेका दिन हुने बाह्रौ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

....................................
(कम्पनी सचिव)

द्रष्टब्य : शेयरवाला आफैंले खाली कोष्ट भर्नुहोला ।
(सभा कक्षामा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।

# हिमालयन डिष्टिलरी लिमिटेडको

## बाह्रौं वार्षिक साधारण सभामा
## संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको बाह्रौं बार्षिक साधारण सभामा उपस्थिती हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समिती तथा मेरो आफ्नै तर्फबाट समेत हार्दिक स्वागत गर्न चाहान्छु । साथै यहांहरु समक्ष आ.ब.२०६८/६९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विबरण सहितको यो बार्षिक प्रतिवेदन अनुमोदनका लागि पेश गर्ने अनुमति चाहन्छु ।

१. आर्थिक वर्ष २०६८/०६९ को कारोबारको सिंहावलोकन :–

आर्थिक वर्ष २०६८/०६९ मा कम्पनीले गरेको कारोबारको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

| बिवरण | गत साधारण सभामा पेश भई सभाबाट स्वीकृत प्रक्षेपित आ.ब. २०६८/६९ को नाफा नोक्सान बिवरण | आ.ब. २०६८/६९ को बास्तबिक नाफा नोक्सान विवरण |
|---|---|---|
| **आम्दानी** | | |
| विक्री | १००,५०,९७,५८० | १३,४९,६७३,६३५ |
| न्यून : उत्पादन लागत | (७१,६९,१४,८८०) | (९७,५३,८१,९४२) |
| तयारी मालको अन्तिम मौज्दातमा वृद्धि/(घटी) | - | ३,८०,६२,८७६ |
| **कूल संचालन नाफा** | **२८.८१.८२.७००** | **४१.२३.५४.५६९** |
| अन्य आम्दानी | – | १८,८९,८६० |
| **कूल नाफा** | **२८.८१.८२.७००** | **४१.४२.४४.४२९** |
| प्रशासनीक खर्चहरु | ५,६५,१०,०६० | ७५,५०६,९३२ |
| विक्री तथा वितरण खर्चहरु | ९,९५,५२,६६० | १३,८१,४१,४९६ |
| **ह्रास तथा ब्याज पूर्वको नाफा** | **१३.२१.१९.९८०** | **२०.०५.९६.००२** |
| ह्रास कट्टी | २,७१,८३,०९० | ३,४३,३३,१२९ |
| अपलेखन (सारिएको खर्च) | ४३,१३,००० | १,१०,४०,१६२ |
| आसामी तथा सापटी अपलेखन | – | ६२,०२,६०८ |
| विक्री नहुने सामानको अपलेखन | – | १,०३,६५,१६५ |
| **ब्याज पूर्वको नाफा** | **१०.०६.२३.८९०** | **१३.८६.५४.९३८** |
| ब्याज खर्च | १,२०,२४,७८० | २,७१,७८,०२८ |
| **आयकर तथा व्यवस्था पूर्वको नाफा** | **८.८५.९९.११०** | **११.१४.७६.९०९** |
| बोनसको व्यवस्था | ८८,५९,९११ | १,०१,३४,२६४ |
| आयकरको व्यवस्था | - | २,५४,००,८९४ |
| चालू बर्षको कर | - | २,७१,१८,३५३ |
| डेफर्ड कर | - | (१७,१७,४५९) |
| **आयकर पछिको नाफा** | **७.९७.३९.१९९** | **७.५९.४१.७५१** |
| प्रस्तावित डिभिडेन्ड | - | – |
| **कर तथा डिभिडेन्ड पछिको नाफा** | **७.९७.३९.१९९** | **७.५९.४१.७५१** |
| गतवर्ष सम्मको संकलित नोक्सानि | (२५,०२,९६,६२१) | (२१,७१,९५,३५५) |
| **बाकी वासलातमा सारिएको** | **(१७.०५.५७.४२२)** | **(१४.१२.५३.६०४)** |

गत आ.ब.मा पेश भई स्विकृत प्रक्षेपित विवरण भन्दा राम्रो आर्थिक सूचांकहरु यस वर्ष व्यवस्थापनको उच्च लगनशिलता र मेहनतका कारण कम्पनीले रु.११,१४,७६,९०९/– आयकर तथा व्यवस्था पुर्वको मुनाफा आर्जन गर्न सफल भएका छौ ।

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट कम्पनीको कारोबारलाई परेको असर :–

(क) नेपाल सरकारले भारतवाट खुला रुपमा स्प्रीट आयात गर्न पाउने गरि ल्याएको नितिका कारण कम्पनीले उत्पादन गरेको स्प्रिट विक्रीमा असर पर्न गएको छ ।

(ख) मदिरा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा व्यापक रुपमा यस आ.ब.मा पनि वढेको छ । कम्पनीबाट उत्पादन भएका विभिन्न ब्राण्डका मदिराहरुका बिर्को कुशलता पुर्वक खोली अखाद्य पदार्थ मिसाउने, कम्पनीका उत्पादन जस्तै आकार प्रकार र साईजमा अवैध रुपमा तयार पारिएका मदिराहरु बजारमा पाइनाले विभिन्न व्यक्ति, समुह, संस्थाले नाजायज तौरतरिकाले आर्थिक लाभ लिने कार्य भए बाट कम्पनीको कारोवारमा असर पर्न गएको छ । यस्तो कार्य निरुत्साहित गर्न नेपाल सरकारबाट उचित सकरात्मक कदम चालिएको पाइएन । यस्तो अबैध कार्यले कम्पनीको व्यवसायमा अप्रत्यक्ष रुपमा प्रतिकुल प्रभाव पर्न गएको छ ।

(ग) नेपाल बिद्युत प्राधिकरणले सप्लाई गर्ने बिद्युत सप्लाईमा निरन्तर रुपमा कटौति गरिरहेकोले कम्पनीको उत्पादन लागतमा असर परेको छ ।

(घ) कम्पनीले कच्चापदार्थको प्रयोग गरिरहेको कनिका तथा मकै भारतवाट आउने र समय समयमा उक्त कच्चा पदार्थहरुको अभाव हुने, प्राप्त हुने कच्चा पदार्थहरु पनि गुणस्तरमा कमसल हुने पाईएको छ । यसै गरि उद्योगका लागी आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थहरुमा समेत मूल्य बृद्धि साथै ढुवानीका साधानहरुको मनोमानी हिसावले भाडा बृद्धिको कारणले उत्पादन लागतमा बृद्धि हुन गएको छ । यस्ता प्रत्यक्ष र अप्रत्यक्ष खर्चको व्ययभार कम्पनीमा बढन गएता पनि प्रतिस्पर्धि उत्पादकहरुको क्रियाकलाप जस्ता कारणबाट हाम्रा कम्पनीका उत्पादनहरुको विक्री यथेष्ठ मात्रामा बृद्धि गर्न सकेको अवस्था छैन ।

(ङ) कम्पनीको व्यवस्थापन पक्ष र मजदुरहरुको विच मजदुरहरुको माग सम्वन्धी भएको सम्झौता पश्चात उत्पादन लागतमा वृद्धि भएको छ ।

(च) हरेक बर्ष कम्पनीको कारोबार बढिरहेको तर कम्पनी संचालनको लागि आवश्यक पर्ने चालु पुजि भने सो अनुपातमा वृद्धि गर्न नसकिएको हुदा कम्पनीको कारोबारको अभिबृद्धिका लागि कच्चा पदार्थ र उत्पादीत बस्तुको मौज्दातमा बृद्धि गर्नु पर्ने भएता पनि यथेष्ठ चालु पुजिं अभावका कारण कम्पनीले सीमित चालु पुजिंमा नै रहेर कारोवार सन्चालन गर्नु पर्दा कारोवारमा असर पर्न गएको छ ।

**३. प्रतिवेदनको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यको सम्बन्धमा संचालक समितिको धारणा :**

(क) सरकारवाट समयमानै बजेट प्रस्तुत नभएको र वितरकहरुसँग यथेष्ठ मात्रामा सामानको मौज्दात रहेको कारणले आर्थिक बर्ष २०६८/६९ को प्रथम दुई महिनाको तुलनामा आर्थिक बर्ष २०६९/०७० को बिक्रि वितरणमा कमि भएको निम्नानुसार विवरणमा उल्लेख गरिएको छ ।

| महिना | आ.ब. २०६८/६९ | आ.ब. २०६९/७० |
|---|---|---|
| श्रावण देखि भाद्र मसान्त सम्म | ७,७७,८३,४८२।०० | ८१,१९,३३७।०० |

(ख) उत्पादनमा ईन्धनको लागत कम गर्नको लागि Husk Fired Boiler तथा Turbine जडान गरी संचालन गर्ने कार्यले कम्पनीको उत्पादन लागतमा केहि कम हुन गएको छ । उत्पादन लागत र कम्पनीका अनावश्यक खर्चहरु कम गर्दै जानका लागि कम्पनीले विभिन्न उपायहरुको अवलम्वन गर्ने गरेको छ ।

(ग) Continuous Distillation लाई निरन्तरता दिई स्प्रिट उत्पादन लागतमा कम गराई बिक्रिलाई प्राथमिकताका साथ अघि बढाउने कम्पनीले लक्ष्य लिएको भएता पनि दक्ष जनशक्तीको अभावका साथै भारतीय स्प्रिटको मुल्य संग प्रतिस्पर्धा गर्न असमर्थ भएका कारणले लक्ष्य अनुसार स्प्रिट विकी गर्न सकिएको छैन । आगमी वर्षमा Continuous Distillation बाट स्प्रिट विकीलाई उच्च लक्ष्यमा राखी कार्य गर्ने योजनानुरुप कार्य गरिरहेका छौ ।

(घ) साईलेण्ट स्प्रीट (ई.एन.ए.) उत्पादनमा हाल खपत भईरहेको Steam लाई कमि गर्न प्लाण्टमा आवश्यक सुधारका लागि विदेशी कन्सलटेण्टबाट प्राबिधिक अध्ययन कार्य सम्पन्न गरे बाट साकारात्मक प्रभाव उत्पादनमा पर्ने आशा कम्पनीले लिएको छ ।

(ङ) कम्पनीको उत्पादनमा हरेक बर्ष बृद्धि भईरहेकोमा यसलाई मध्यनजर गरि कम्पनीको वार्षिक उत्पादन क्षमता दोब्बर कायम गरेका छौं ।

(च) कारखानाबाट हुने निकाशी र उत्पादनमा नियमितता ल्याउन अन्तः शुल्कलाई online गर्ने लक्ष्यका साथ अगाडि बढिरहेका छौं ।

(छ) कम्पनीबाट उत्पादन हुने तैयारी मदिराको कारोवारलाई नियमित गर्नका लागि नेशनल डिष्टिव्यूर्टसको रुपमा काम गर्ने श्री सिद्धिगणेश ईन्टरप्राईज प्रा.लि. संग २०७१ साल अषाढ मसान्त सम्म सम्फौता सम्पन्न गरि कार्य गरिरहेका छौं ।

(ज) कर्जा प्रदायक कन्सोँटियम बैंकहरुको तीन ( बैंक अफ काठमाण्डौको नेतृत्वमा राष्ट्रिय वाणिज्य बैंक र एन.एम.वि. वैक लिमिटेड ) सदस्यीय कन्सोँटियम बैंकहरु मार्फत कार्य गरि रहेका छौं ।

(झ) कारखानामा काम गर्ने मजदुर वर्ग, कामदार र कर्मचारीहरुको कार्य कुशलतालाई ध्यानमा राखी आवश्यक्तानुसार तालिम, सेमिनार, भेला जस्ता कार्यकम गरि निरन्तर रुपमा कार्यगत एकता गर्ने प्रयास गरिरहेका छौं ।

माथि उल्लेख भए अनुसार कम्पनीको व्यवस्थापन सुधार, उत्पादनमा बृद्धि, मदिराको बिक्रिमा गत वर्ष भन्दा केहि सुधार गरि कम्पनीले स्विकृत प्रक्षेपित गरेको मुनाफा भन्दा बढि मुनाफा आर्जन गर्न सफल भएका छौ ।

(ञ) कम्पनीमा जडान भएका उपकरणहरुको क्षमताको निरिक्षण सम्बन्धित विज्ञबाट गराई प्राप्त सुझाव अनुसार विद्युत शक्ति तथा उपकरणको प्रयोग, जडान र उपभोग गर्ने लक्ष्य लिएका छौं ।

(ट) कम्पनीबाट निस्कने विभिन्न किसिमका प्रदुषणहरुलाई नियन्त्रण गर्दै लैजाने कार्य यस वर्ष पनि जारी राखेका छौं । कम्पनीमा जडान भएको ETP लाई दुरुस्त चुस्त राख्न आवश्यक थप सामाग्री जडान गरी थप क्षमतामा संचालन गर्ने लक्ष्य लिएका छौं ।

माथि उल्लेख भएअनुसार कम्पनीको व्यवस्थापन सुधार, उत्पादनमा वृद्धि, मदिराको बिक्रिमा गत वर्ष भन्दा केहि सुधार गरि कम्पनीले स्वीकृत प्रक्षेपित गरेको मुनाफा आर्जन गर्न सफल भएका छौं ।

**४. औद्योगिक र व्यवसायीक सम्वन्धमाः–**

(क) गत नवौं बार्षिक साधारण सभाबाट स्वीकृती प्राप्त भए अनुसार बाह्र करोड रुपैया चालु पुजि थप गर्ने प्रयास कम्पनीले गरेता पनि हाल सम्म उक्त कर्जा पूर्ण रुपमा उपभोग गर्न सकिरहेका छैनौं ।

(ख) आर्थिक बर्ष २०६८/६९ मा कम्पनीले यथेष्ठ मात्रमा चालु पुजिको परिचालन गर्न नसकेका कारणबाट आवश्यक

मात्रामा कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थको मौज्दात कायम गर्न नसकिएको, समयमा सामान सप्लाई गर्न कठिनाई भएको, नयां उत्पादनलाई बजारमा ल्याउन कठिनाई भएको छ । उपरोक्त समस्याहरुका बावजुध पनि कम्पनीको बिक्रि बितरणमा सुधार आई रहेको एवं व्यवस्थापनको तर्फबाट सम्भव भए सम्म खर्चमा मितव्ययिता अपनाई कार्य गरि राखिएको कारणले कम्पनीको आर्थिक स्थितिमा क्रमिक सुधार आई कर्न्सोटियम बैंकहरुलाई भुक्तानी गर्नु पर्ने सावा तथा ब्याज यथा समयमा नै भुक्तानी गरिरहेका छौ ।

(ग) कम्पनीको लागी आवश्यक कच्चा पदार्थहरु आपुर्ति गर्ने स्थानीय तथा विदेशी सप्लायर्सहरु संगको सम्वन्धमा अनुकुल सुधार हुन गई अघिल्लो आर्थिक बर्षको तुलनामा यस कारोवार वर्षमा कच्चा पदार्थ, तैयारी तथा अर्ध तैयारी सामानहरुको आपुर्तिमा नियमितता ल्याई सुधार भएको छ ।

(घ) गत वर्ष जस्तै यस वर्ष पनि वातावरण एवं समाज प्रतिको उत्तरदायित्वलाई कम्पनीले प्राथमिकताका साथ लिएको छ । पर्यटन प्रवर्धनका लागि ठमेल पर्यटन बोर्ड, खेलकुदका लागि गल्फ क्लब, स्थानीय क्लबहरु लगायत संग सहकार्य गरि सहयोग पुर्‍याई रहेका छौ । विभिन्न धार्मिक एवं सामाजिक कार्यमा सहयोग गरि सहकार्य लाई निरन्तरता दिईएको छ । यस बाट कम्पनीको शाखःमा उल्लेख्य बृद्धि हुन पुगेको महशुस गरिरहेका छौं ।

**५. संचालक समितिमा भएको हेरफेर र त्यसको कारणः-**

एघारौं बार्षिक साधारण सभा पछि संचालक समितीमा केहि परिवर्तन भएको छैन ।

**६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :-**

(क) मदिरा तथा स्प्रिट आयत खुल्ला रुपमा हुनु ।
(ख) अबैध मदिराको नियन्त्रणमा कमी ।
(ग) नेपाल सरकारबाट मदिरा जन्य विज्ञापनमा रोक लगाउनु ।
(घ) मदिराको सुरक्षात्मक व्यवस्था खुकुलो हुनु ।
(ङ) विद्युत आपुर्तीमा कमी ।
(च) कच्चा पदार्थ लगायत सहायक कच्चा पदार्थको मुल्य बृद्धि, गुणस्तरीय नहुनु र अभाव हुनु ।
(छ) चालु पुजिको अभाव ।
(ज) बैंकहरुको ब्याजदरमा थप घट हुनु ।
(झ) विदेशी मदिराको बजारमा व्यापक चलखेल हुनु ।
(ञ) मदिराको चोरी निकाशी हुनु ।
(ट) असामान्य प्रर्तिष्पर्धात्मक बजार हुनु आदी ।

**७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत भए सो मा प्रतिकृया :-**

लेखा परिक्षणमा कुनै कैफियत नरहेकाले कुनै पनि प्रतिकृया नभएको ब्यहोरा अनुरोध छ ।

**८. मुनाफा बाडँफाड गर्न सिफारिस गरिएको प्रतिशत :-**

आर्थिक बर्ष २०६८/६९ मा रु. ११,१४,७६,९०९।०० आयकर तथा व्यवस्था पुर्वको मुनाफा आर्जन भएको भएता पनि अघिल्ला बर्षहरुमा संकलित नोक्सानीले मुनाफा वाडफाडको सिफारीस गर्न सकिएन । कम्पनीको आर्थिक बर्ष २०७०/७१ सम्मको साधारण सभाबाट स्वीकृत रणनिति (Action Plan) अनुसार कम्पनीको बिक्रि वितरणको लक्ष्य हासिल गर्न सकिएमा उल्लेखित समय भित्रै मुनाफा वितरण गर्ने तर्फ कम्पनीले कार्य गरिरहको जानकारी गराउन चाहन्छौ ।

अन्त्यमा शेयरधनी महानुभावहरुबाट कम्पनीलाई सहयोग प्राप्त भैरहने आशा एवं विश्वास व्यक्त गर्दै कम्पनीलाई सहयोग पुर्‍याउनु हुने नेपाल सरकारका विभिन्न निकायका कर्मचारीहरु, कम्पनीका कर्मचारीहरु, सप्लायर्सहरु, वितरकहरु, उपभोक्ताहरु र शुभ चिन्तक लगायतका सम्पूर्ण महानुभावहरुलाई संचालक समिति एवं मेरो आफ्नै तर्फबाट हार्दिक कृतज्ञता एवं धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

संचालक समितिको तर्फबाट
श्रीमती एम. शाह

अध्यक्ष

## कम्पनी ऐन २०६३ को दफा १०९ को उप दफा ४ अनुसारको अतिरिक्त बिवरण :
**(आर्थिक बर्ष २०६८/६९)**

१. **शेयर जफत सम्बन्धि बिवरण** : यस अर्थिक बर्षमा कुनै पनि किसिमको शेयरहरु जफत भएका छैनन ।

२. **कम्पनी र सहायक कम्पनी बिचको कारोबार** : यस कम्पनीको कुनै सहायक कम्पनीहरु नभएकोले कुनै कारोवार भएको छैन ।

३. **कम्पनीका आधारभुत शेयरधनिहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी** : यस्तो कुनै जानकारी प्राप्त हुन आएको छैन ।

४. **विगत आर्थिक बर्षमा कम्पनीका संचालक र पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको बिवरण** : कम्पनीका कुनै संचालक वा पदाधिकारीबाट शेयर खरिद गरिएको छैन ।

५. **कम्पनी संग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक वा निजको नजिकको नातेदारको व्यक्तीगत स्वार्थ बारे उपलब्ध गराईएको जानकारीको व्यहोरा** : यस अबधिमा त्यस्तो कुनै सम्झौता भएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

६. **बाई ब्याक गरिएका शेयरको बिवरण** : कम्पनीले आफ्ना शेयरहरु आफैले खरिद गरेको छैन ।

७. **आन्तरीक नियन्त्रण व्यवस्था** : कम्पनीको आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको छ । आन्तरीक नियन्त्रण व्यवस्थामा अबलम्बन गरिएका मुख्य प्रकृयाहरु निम्नानुसार रहेका छन ।

क. मजबुत आन्तरीक निरिक्षण र नियन्त्रण व्यवस्था अपनाईएको छ ।

ख. उत्पादन तथा बिक्रि वितरणमा प्रत्यक्ष नियन्त्रण तथा अनुगमनका लागी नेपाल सरकार, आन्तरीक राजश्व कार्यालयबाट पुर्णकालिन कर्मचारी खटाई प्रत्यक्ष नियन्त्रण एवं अनुगमन गर्ने गरिएको छ ।

ग. कम्पनीको आन्तरीक लेखा परिक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्य गरिएको छ ।

८. **समिक्षा बर्षमा भएको कुल व्यवस्थापन खर्च** :

| **बिवरण** | **२०६८/६९** |
|---|---|
| कर्मचारी खर्च | २,८२,९४,६८३।०० |
| कार्यालय संचालन खर्च | ४,७२,१२,२४९।०० |
| **जम्मा व्यवस्थापन खर्च** | **७,५५,०६,९३२।००** |

९. **लेखा परीक्षण समितिको सदस्यहरुको नामावली, पारश्रमिक भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको बिवरण र समितिले दिएको सुझावको बिवरण** :

क. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली : लेखा परिक्षण सम्मितीमा निम्नानुसारका सदस्यहरु रहनु भएको छ ।

१. श्री अखिलेश्वर प्रसाद सिंह

२. श्री विनोद श्रेष्ठ

३. श्री सान्टु श्रेष्ठ

ख. लेखा परीक्षण समितिका अध्यक्ष तथा सदस्यहरुलाई प्रति बैठक रु.३५००/- (कर सहित) बैठक भत्ताको व्यवस्था गरिएको छ ।

ग. समितिले गरेको काम कारवाहिको बिवरण :

(१) प्रत्येक त्रैमासिक अवधिको लेखा विवरणहरु आन्तरिक लेखा परीक्षकबाट लेखा परीक्षण गराई निजले दिएको लेखा प्रतिवेदनमा जनाएका कैफियत अनुसार समिक्षा गर्ने र सो अनुसार कम्पनी व्यवस्थापनलाई सुधार गर्न गराउन निर्देशन समेत दिने गरेको ।

(२) त्रैमासिक रुपमा नियमित आन्तरीक लेखा परीक्षण कार्य गर्न निर्देशन दिएको,

(३) कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार आन्तरीक लेखा परीक्षक नियुक्ती गरिएको ।

(४) लेखा परीक्षक नियुक्तिका लागी सिफारीस गर्ने लगायत कम्पनीको लेखा सम्बन्धि बिषयमा राय सल्लाह र सुझावहरु लेखा समितिले गर्ने गरेको ।

(५) कम्पनीको अलेखापरिक्षित वासलात, नाफा नोक्सान हिसाव, वास्तविक नाफा नोक्सानको तुलनात्मक हिसाव, वास्तविक खर्चहरुको बिवरण, बिक्रि परिमाण र मुल्य, लक्ष्य र विक्रिको तुलनात्मक विवरण सहितको बिवरणहरु माग गरि समिक्षा गर्ने कार्य गरेको जानकारी गराउदछौं ।

१०. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख, अधारभुत शेयरधनी र निजका नजिकका नातेदार तथा संलग्न फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाकि भए सो कुरा** : कुनै रकम बुझाउन बाकि नदेखिएको ।

११. **संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमूख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम** :

| बिवरण | आ.ब. २०६८/६९ |
|---|---|
| राज बहादुर शाह(प्रवन्ध संचालक) | रु.२७,२१,२०२।०० |
| पंकजराज श्रेष्ठ(प्रमूख कार्यकारी अधिकृत) | रु.२३,३६,६५१।०० |
| रमेश श्रेष्ठ (प्रमूख संचालन अधिकृत) | रु.१८,२३,५००।०० |
| सतिस कु. कर्ण (वित्त प्रमूख) | रु.२१,६१,६५०।०० |
| अन्य पदाधिकारीहरु | रु.१,८९,२२,५४९।०० |

१२. **शेयरधनीहरुले बुझि लिन बाकि रहेको लाभांशको रकम** : छैन ।

**जि. पि. राजबाहक एण्ड कम्पनी**
**चार्टर्ड एकाउण्टेण्टस्**

## हिमालयन डिष्टिलरी लिमिटेड
## शेयरधनी महानुभावहरू समक्ष लेखा परीक्षकको प्रतिवेदन

हामीले यसैसाथ संलग्न हिमालयन डिष्टिलरी लिमिटेडको (यस पछि कम्पनी भनि सम्बोधन गरेको) २०६९ आषाढ ३१ (जुलाई १५, २०१२) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा पुंजीमा भएको परिवर्तनको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरुप्रतिको दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायीत्व हो ।

नेपालको लेखापरीक्षण मान तथा प्रासंगिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय विवरण सारभूतरुपमा गलत आंकडा रहित छ भन्ने कुरामा बिश्वस्त हुनका लागी ती लेखापरिक्षण मान तथा प्रासंगिक प्रचलनको अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याईं गर्न प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। संस्थाले अवलम्बन गरेको लेखा सिध्दान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो प्रतिवेदन अनुसार –

क) लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सूचना र स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

ख) कम्पनीले राखेको हिसाव किताब सम्बद्ध प्रचलित कानूनलाई पालना गरी राखिएको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण तथा पुंजीमा भएको परिवर्तनका विवरणहरु कम्पनी ऐन, २०६३ अनुसार तयार गरिएको छ र कम्पनीले राखेका हिसाब कितावसंग दुरुस्त रहेका छन ।

घ) हाम्रो रायमा तथा हामीलाई प्राप्त सूचना एवं दिइएका स्पष्टीकरणको आधारमा संलग्न वित्तिय विवरण तथा सोही साथ संलग्न टिप्पणीहरुले कम्पनी ऐन, २०६३, नेपालको लेखापरीक्षण मान तथा प्रासंगिक प्रचलनलाई पालना गरेको र टिप्पणीमा अन्यथा उल्लेख गरीएको बाहेक सत्य एवं यथार्थ चित्रण गर्दछ :

१. वासलातले, २०६९ साल आषाढ ३१ (जुलाई १५, २०१२) को कम्पनीको वित्तिय स्थिति,
२. आय विवरणले, २०६९ आषाढ ३१ (जुलाई १५, २०१२) मा समाप्त भएको वर्षको नोक्सानी, र
३. नगद प्रवाह विवरणले, २०६९ आषाढ ३१ (जुलाई १५, २०१२) मा समाप्त भएको वर्षको नगद प्रवाह ।

ङ) हाम्रो रायमा तथा हामीलाई प्राप्त सूचना एवं दिइएका स्पष्टीकरण र कम्पनीको हिसाब किताव को लेखा परीक्षण बाट यस कम्पनीको सञ्चालक समिती वा सो का कुनै सदस्य वा कुनै कर्मचारीले लेखा सम्बन्धी कानूनी व्यवस्था विपरीत कामकाज गरेको वा कम्पनीलाई हानी नोक्सानी गरेको वा कम्पनीको सम्पत्तिको हिनामिना गरेको देखिदैन ।

गोपाल प्रसाद राजवाहक, एफ सि ए
वरिष्ठ साझेदार
जि. पि. राजवाहक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्
मिति : अक्टुवर ७, २०१२
स्थान : काठमाडौ

सुइट ६०६, ब्लूस्टार कम्पलेक्स, त्रिपुरेश्वर, काठमाडौ, नेपाल, टेलिफोन नं. ००९७७ १ ४२२४४११, ४२२३७७८

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

## २०६९ साल आषाढ ३१ (जुलाई १५, २०१२) को वासलात

| विवरण | अनुसूची | २०६८/६९ (रू.) | २०६७/६८ (रू.) |
|---|---|---|---|
| पूजी तथा दायित्व | | | |
| शेयर पूंजी | १ | ३८,५६,४५,५०० | ३६,७२,३४,००० |
| जगेडा कोष | २ | – | १,८४,११,५०० |
| शेयर जफत खाता | | | |
| मध्यम तथा दीर्घकालीन ऋण | | | |
| सुरक्षित ऋण | ३ | २१,२६,०३४ | ४,५४,६५,५२३ |
| असुरक्षित ऋण | | – | – |
| डेफर्ड कर दायित्व | | ४,९७,९७,००० | ५,१५,१४,४५९ |
| **जम्मा** | | **४३,७५,६८,५३४** | **४८,२६,२५,४८२** |
| सम्पति | | | |
| स्थिर सम्पति | | ७६,१८,४०,७९१ | ७३,६५,८२,३०५ |
| न्यून: ह्रास | | २७,१८,१८,८१९ | २३,९०,१९,७३६ |
| खुद स्थिर सम्पति | ४ | **४९,००,२१,९७२** | **४९,७५,६२,५६९** |
| पूंजीगत कार्य प्रगती | | १२,९१,२६८ | – |
| लगानी | ५ | – | – |
| चालु सम्पति, सापटी पेश्की | | | |
| जिन्सी मौज्दात | ६ | १२,८३,१६,०५५ | ८,९६,५६,२८४ |
| आसामी तथा अन्य प्राप्त हुन बाँकी | ७ | ६८,०५,७७६ | १,६५,६६,८२४ |
| नगद तथा बैंक मौज्दात | ८ | ३७,३९,३८८ | ४७,५९,८०१ |
| सापटी, पेश्की तथा धरौटी | ९ | ४,९१,४८,४६१ | ७,१२,७१,०४९ |
| **जम्मा चालु सम्पति** | | **१८,८०,०९,६८०** | **१८,२२,५३,९५८** |
| **न्यून : चालू दायित्व एवं ब्यवस्था** | | | |
| चालू दायित्व तथा अन्य तिर्न बाँकी | १० | ३५,०३,१७,७४२ | ४२,४५,७३,८४१ |
| ब्यवस्था | ११ | ४,६५,७५,७८६ | १,४७,३८,२६० |
| **जम्मा चालु दायित्व** | | **३९,६८,९३,५२८** | **४३,९३,१२,१०१** |
| **खुद चालु सम्पति** | | **(२०,८८,८३,८४८)** | **(२५,७०,५८,१४३)** |
| **विविध खर्च** (अपलेखन हुन बाँकी) | १२ | १,३८,८५,५३९ | २,४९,२५,७०१ |
| नाफा तथा नोक्सानी खाता | | १४,१२,५३,६०४ | २१,७१,९५,३५५ |
| **जम्मा** | | **४३,७५,६८,५३४** | **४८,२६,२५,४८२** |
| **सम्भाब्य दायित्व** | १३ | **१,२८,२०,८५६** | **३८,४५,०५९** |
| **महत्वपूर्ण लेखा नीति र टिप्पणीहरू** | १४ | | |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| ............... | .................... | ...................... | ................................ |
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | गोपाल प्रसाद राजवाहक |
| | | | वरिष्ठ साझेदार |
| | | | जि. पि. राजवाहक एण्ड कम्पनी |
| | | | चार्टर्ड एकाउण्टेण्टस् |

मिति : २०६९–०६–२१
काठमाडौ

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

२०६९ साल आषाढ ३१ (जुलाई १५, २०१२) को नाफा नोक्सान खाता

| विवरण | अनुसूची | २०६८।६९ (रु.) | २०६७।६८ (रु.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| बिक्री | १५ | १,३४,९६,७३,६३५ | १,०६,१३,४३,७१८ |
| न्यून : उत्पादन लागत | १६ | (९७,५३,८१,९४२) | (७५,००,६६,१८२) |
| तयारी तथा अर्ध तयारी मालको मौज्दातमा बृद्धि/(घटी) | | ३,८०,६२,८७६ | ४१,६५,५६४ |
| **कूल संचालन नाफा** | | **४१,२३,५४,५६९** | **३१,५४,४३,१००** |
| अन्य आम्दानी | | १८,८९,८६० | ५०,३२,२३८ |
| **कूल नाफा** | | **४१,४२,४४,४२९** | **३२,०४,७५,३३८** |
| प्रशासनिक खर्चहरु | १७ | ७,५५,०६,९३२ | ७,२८,०६,९८३ |
| बिक्री तथा वितरण खर्चहरु | १८ | १३,८१,४१,४९६ | १०,८०,१३,४०७ |
| **ह्रास तथा ब्याज पूर्वको नाफा** | | **२०,०५,९६,००२** | **१३,९६,५४,९४८** |
| ह्रास कट्टी | ४ | ३,४३,३३,१२९ | ३,०६,९१,३५१ |
| अपलेखन (सारिएको खर्च) | | १,१०,४०,१६२ | १,१८,७३,७८७ |
| आसामी तथा सापटी अपलेखन | | ६२,०२,६०८ | – |
| बिक्री नहुने सामान अपलेखन | | १,०३,६५,१६५ | – |
| **ब्याज पूर्वको नाफा** | | **१३,८६,५४,९३८** | **९,७०,८९,८१०** |
| ब्याज खर्च | १९ | २,७१,७८,०२८ | २,८३,७१,७९५ |
| **आयकर तथा ब्यवस्था पूर्वको नाफा** | | **११,१४,७६,९०९** | **६,८७,१८,०१५** |
| वोनसको व्यवस्था | | १,०१,३४,२६४ | ६८,७१,८०२ |
| **आयकरको ब्यवस्था** | | २,५४,००,८९४ | १८,१०,६२९ |
| चालु बर्षको कर | | २,७१,१८,३५३ | – |
| डेफर्ड कर | | (१७,१७,४५९) | १८,१०,६२९ |
| **आयकर पछिको नाफा** | | **७,५९,४१,७५१** | **६,००,३५,५८४** |
| प्रस्तावित डिभिडेन्ड | | – | – |
| **कर तथा डिभिडेन्ड पछिको नाफा** | | **७,५९,४१,७५१** | **६,००,३५,५८४** |
| गतवर्ष सम्मको संकलित नोक्सानि | | (२१,७१,९५,३५५) | (२७,७२,३०,९३९) |
| **बाँकी वासलातमा सारिएको** | | **(१४,१२,५३,६०४)** | **(२१,७१,९५,३५५)** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| ............... | ..................... | ..................... | ........................................ |
|---|---|---|---|
| वित्त प्रमुख | प्रवन्ध संचालक | अध्यक्ष | गोपाल प्रसाद राजवाहक |
| | | | वरिष्ठ साझेदार |
| | | | जि. पि. राजवाहक एण्ड कम्पनी |
| | | | चार्टर्ड एकाउण्टेण्टस् |

मिति : २०६९–०६–२१

काठमाडौ

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

२०६९ साल आषाढ ३१ (जुलाई १५, २०१२) को नगद प्रवाह विवरण

| विवरण | २०६८/६९ (रू.) | २०६७/६८ (रू.) |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| खुद नाफा/(नोक्सान) | १०,१३,४२,६४५ | ६,१८,४६,२१२ |
| (नाफा नोक्सान खाता अनुसार) | | |
| जोडः | | |
| ह्रास कट्टि | ३,४३,३३,१२९ | ३,०६,९१,३५१ |
| आसामी तथा सापटी अपलेखन | ६२,०२,६०८ | – |
| बिक्री नहुने सामान अपलेखन | १,०३,६५,१६५ | – |
| अपलेखन (सारिएको खर्च) | १,१०,४०,१६२ | १,१८,७३,७८७ |
| स्थिर सम्पत्तिको विक्रीबाट घाटा | २९५,९६० | – |
| व्याज खर्च | २,७१,७८,०२८ | २,८३,७१,७९५ |
| **चालु पूँजी परिवर्तन अघिको नगद प्रवाह** | **१९.०७.५७.६९७** | **१३.२७.८३.१८६** |
| **चालू पूँजी परिवर्तनको समायोजन** | | |
| जिन्सी मौज्दातमा (वृद्धि)/ह्रास | (३,८६,५९,७७१) | (९०,३२,९४३) |
| आसामीमा (बृद्धि)/ह्रास | ८४,०१,२४३ | ७,०१,३६,१३३ |
| सापटि, पेश्की तथा धरौटीमा(वृद्धि)/ह्रास | ६९,१४,६२१ | (१,७६,३७,१३५) |
| चालु दायित्वमा बृद्धि/(ह्रास) | (६,९५,३६,९२६) | (१३,८५,३७८) |
| **संचालन गतिविधीहरूबाट खूद नगद प्रवाह** | **९.७८.७६.८६५** | **१७.४८.६३.८२३** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | | |
| स्थिर सम्पतिमा वृद्धि | (३,०१,९५,३८४) | (७,४५,१८,७३१) |
| स्थिर सम्पतिको बिक्री | ३१,०६,८९२ | – |
| पूँजीगत कार्य प्रगतीमा वृद्धि | (१२,९१,२६८) | – |
| सारिएको खर्चमा वृद्धि | – | (१,५७,२३,१६१) |
| **लगानी गतिविधिहरूबाट कूल नगद प्रवाह** | **(२.८३.७९.७६०)** | **(९.०२.४१.८९२)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | |
| सुरक्षित ऋणमा वृद्धि/ (ह्रास) | (४,३३,३९,४९०) | (५,५२,६२,६३७) |
| शेयरपूँजीमा बृद्धि/(ह्रास) | – | – |
| न्यून : व्याज भुक्तानी | (२,७१,७८,०२८) | (२,८३,७१,७९५) |
| **वित्तीय गतिविधिहरूबाट कूल नगद प्रवाह** | **(७.०५.१७.५१८)** | **(८.३६.३४.४३२)** |
| **वर्ष भरीको खूद नगद वा सो सरह** | **(१०.२०.४१२)** | **९.८७.४९९** |
| नगद वा सो सरहमा बृद्धि | **(१०.२०.४१२)** | ९,८७,४९९ |
| नगद वा सो सरहको शुरुको मौज्दात | ४७,५९,८०१ | ३७,७२,३०३ |
| **नगद वा सो सरहको अन्तिम मौज्दात** | **३७.३९.३८९** | **४७.५९.८०१** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

..............
वित्त प्रमुख

...................
प्रवन्ध संचालक

............................
अध्यक्ष

........................................
गोपाल प्रसाद राजवाहक
वरिष्ठ साझेदार
जि. पि. राजवाहक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति : २०६९–०६–२१
काठमाडौ

# हिमालयन डिष्टिलरी लिमिटेड, पर्सा

२०६९ साल आषाढ ३१ (जुलाई १५, २०१२) मा पुँजी लगानीमा परीर्वतन को विवरण

रुपैयाँ

| विवरण | शेयर पुँजी | शेयर प्रिमियम | सटही घटबढ जगेडा | पूर्न मुल्यांकन जगेडा | अन्य जगेडा | संचित नाफा/नोक्सानी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०६८ श्रावण १ को बाँकी | ३६,७२,३४,००० | – | – | – | १,८४,११,५०० | (२१,७१,९५,३५५) | १६,८४,५०,१४५ |
